27/08/2025

National News

<u>प्रमुख समाचार</u>

- मन्त्रीमण्डलको आर्थिक कार्य समितिद्वारा विभिन्न परियोजनालाई स्वीकृति
- केन्द्रिय मण्त्रीमण्डलद्वारा राष्ट्रमण्डल खेलको बोली लगाउने युवा कार्यक्रम र खेल मन्त्रालयको प्रस्ताव स्वीकृति
- वैष्णो देवी मन्दिर मार्गमा गएको पहिरोले लियो धेरैजनाको ज्यान
- जितेन्द्र सिंहले भन्नुभयो, जैव-प्रौद्योगिकीमा प्रारम्भिक निवेशले भारतलाई व्यापक लाभ दिलाउनेछ
- कीर्ति वर्धन सिंहले भन्नुभयो, भारतीय अर्थव्यवस्था र देशको उद्योग धेरै दह्रिलो छ

- <u>CCEA</u>

मन्त्रीमण्डलको आर्थिक कार्य समितिले आज कर्नाटक, तेलेङ्गाना, बिहार र असमलाई लाभान्वित गर्ने तीनवटा परियोजनाको मल्टी-ट्रैकिङ र गुजरातमा कच्छको दूर्गम क्षेत्रहरूलाई जोड्न एउटा नयाँ रेल लाइनलाई स्वीकृति दिएको छ। यस पहलले सम्पर्क सुविधा प्रदान गर्नेछ अनि यात्रा सुविधामा सुधारसितै आवागमन लागत कम गर्नेछ तथा तेल आयातमा निर्भरता कम गर्नेछ। यी परियोजनाहरूले कार्बन उत्सर्जन कम गर्न र दिगो तथा कुशल रेल सञ्चालनलाई प्रोत्साहन दिनमा योगदान दिनेछन्। यसको निर्माणबाट लगभग दुई सय एक्काउन लाख मानव-दिवसका लागि प्रत्यक्ष रोजगार पनि सृजित हुनेछ।

--------------------------------------X--------------------------------------

- <u>Cabinet – CWG</u>

केन्द्रिय मण्त्रीमण्डलले आज राष्ट्रमण्डल खेल 2030-को बोली लगाउने युवा कार्यक्रम र खेल मन्त्रालयको प्रस्तावलाई स्वीकृति दिएको छ। सम्बन्धित मन्त्रालय, विभाग र प्राधिकरणहरूसित आवश्यक ग्यारेन्टीका साथ आयोजन सहयोग समझौतामाथि हस्ताक्षर र बोली स्वीकार भएको खण्डमा गुजरात सरकारलाई आवश्यक अनुदान सहायता दिने पनि स्वीकृति दिइयो।
राष्ट्रमण्डल खेलहरूमा बहतर देशहरूका एथलेटले भाग लिनेछन्। यसअवधि ठूलो संख्यामा भारत आउने एथ्लेट, प्रशिक्षक, तक्नीकी अधिकारी, पर्यटक, सञ्चारकर्मी

आदि समावेश हुनेछन्, जसबाट स्थानीय व्यवसायलाई लाभ पुग्नका साथै राजस्व उत्पन्न ह्ुनेछ।

---------------------------------------X---------------------------------------

- <u>JK Vaishno Devi</u>

जम्मू-कश्मीरको कटरास्थित वैष्णो देवी मन्दिर मार्गमा मूसलाधारे वर्षाका कारण गएको पहिरोमा धेरैजनाको ज्यान गएको छ। रियासीका वरिष्ठ पुलिस अधीक्षक परमवीर सिंहले वैष्णो देवी मन्दिर कटरा नजिक हिजो भारी वर्षाका कारण पहिरो जाँदा मानिसहरूको ज्यान गएको पुष्टि गर्नुभयो।

लगातार भइरहेको वर्षाबीच CRPF-को छैठौं बटालियनका जवानहरूले तत्काल पहल गर्दै बचाउ अभियान शुरू गरे अनि घाइतेहरूलाई कटरास्थित सामुदायिक स्वास्थ्य केन्द्रमा पुऱ्याए। टोलीले फँसेका तीर्थ यात्रीहरूलाई सहयोग पुऱ्याउनका साथै उनीहरूलाई आवश्यक चिकित्सा एवं अन्य सहायता प्रदान गरे।

यसैबीच, राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले घटनामा भएको जनहानिमाथि शोक व्यक्त गर्नुभएको छ। राष्ट्रपतीले सोशल मिडियामा एउटा पोस्टमा भन्नुभएको छ, धेरै श्रद्धालुहरूको मृत्युको यो घटना अत्यन्त दुःखद छ। उहाँले राहत र बचाउ कार्य सुचारू सञ्चालनका लागि पनि प्रार्थना गर्नुभयो।

प्रधानमन्त्री श्री मोदीले सोशल मिडिया पोस्टमा भन्नुभएको छ, प्रशासनले सबै पीडित मानिसहरूको सहायता गरिरहेछ। उहाँले घटनामा घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ।

उपराज्यपाल मनोज सिन्हाले मृतकका परिवारहरूप्रति संवेदना व्यक्त गर्दै अधिकारीहरूलाई दुर्घटनामा घाइते भएकाहरूलाई तत्काल सहायता प्रदान गर्ने निर्देश दिनुभयो।

---------------------------------------X---------------------------------------

- <u>Jitendra Singh Bio E-3</u>

विज्ञान तथा प्रौद्योगिकी मन्त्री जितेन्द्र सिंहले भन्नुभयो, जैव-प्रौद्योगिकीमा प्रारम्भिक निवेश र नवाचारले भारतलाई अन्य देशहरूको तुलनामा बढ़त दिलाउँदै भविष्यमा व्यापक लाभ प्रदान गर्नेछ। नयाँ दिल्लीमा आज डाक्टर सिंहले भन्नुभयो, सरकारको बायो-E-3 नीतिले जैव-प्रौद्योगिकीको एक समयको उपेक्षित क्षेत्रलाई युवाहरूबीच सबैभन्दा अधिक माग भएका विषयहरूमध्ये एक बनाएको छ। उहाँले भन्नुभयो, यस क्षेत्रले उत्कृष्ट विकास क्षमता प्रदर्शित गर्नका साथै वर्ष 2030-सम्ममा अर्थव्यवस्थामा तीन सय अरब डलरको योगदान दिने अनुमान छ। डाक्टर सिंहले भन्नुभयो, यस क्षेत्रमा नवाचारहरूबाट अनुकूलित चिकित्सा उपचार र स्थायी खाद्य विकल्प तयार गर्न सम्भव

भएको छ। मन्त्रीले एक्सिओम-फोर मिशनअवधि जैव-प्रौद्योगिकीमा गरिएको परीक्षण र प्रयोगको महत्त्वमाथि पनि प्रकाश पार्नुभयो।

यसैबीच, राष्ट्रिय बायोफाउण्ड्री नेटवर्कअन्तर्गत, स्वदेशी जैव-अपशिष्ट उत्पादहरूको विकास र कौशल विकासलाई प्रोत्साहित गर्न छहवटा संस्थानहरूको उदघाटन गरिएको छ।

---------------------------------------X---------------------------------------

- Singh-USA Fee

विदेश राज्य मन्त्री कीर्ति वर्धन सिंहले भन्नुभएको छ, भारतीय अर्थव्यवस्था र देशको उद्योग धेरै दह्रिलो छ। आज नयाँ दिल्लीमा एउटा कार्यक्रममा अमेरीकाद्वारा पचास प्रतिशत शुल्क लगाएकोमा मिडियाको एउटा प्रश्नको उत्तर दिँदै श्री सिंहले भन्नुभयो, सरकारले निश्चित रूपमा देशलाई नोक्सान हुन दिनेछैन। उहाँले भन्नुभयो......

---------------------------------------X---------------------------------------

- India-Africa Business Summit

जिम्बावेका उपराष्ट्रपति डाक्टर CGDN चिवेङ्गाले भन्नुभयो, अफ्रीका र भारतबीच ऐतिहासिक सम्बन्ध प्रगाढ छ। उहाँले भन्नुभयो, दुवै देश प्रौद्योगिकी, नवाचार, विविधीकरण र पूर्वाधार विकासमा जोड़ दिने साझेदारीमाथि केन्द्रित छन्। आज नयाँ दिल्लीमा CII भारत-अफ्रीका व्यापार सम्मेलनलाई सम्बोधन गर्दै डाक्टर चिवेङ्गाले भन्नुभयो, जिम्बावे व्यापारका लागि खुल्ला छ। उहाँले भन्भयो, मूल्य सृजनामाथि ध्यान केन्द्रित गरिँदैछ, ताकि दीर्घकालिन साझेदारी बनाउन सकियोग्, जुन भारत र अफ्रीका दुवैको आर्थिक र सामाजिक उत्थानमाथि केन्द्रित हुनका साथै नवाचार, समाजीकरण र विविधीकरणलाई प्राथमिकता मिलोस्।

आफ्नो सम्बोधनमा केन्द्रिय विदेश राज्य मन्त्री कीर्ति वर्धन सिंहले भन्नुभयो, भारत-अफ्रीकी सहयोग दुवै देशमा कौशल विकास र रोजगारको अवसर उत्पन्न गर्नमा पनि सहायक छ।

---------------------------------------X---------------------------------------

- Ganesh Chaturthi

देशभरी आज गणेश चतुर्थी धार्मिक श्रद्धा र उल्लासका साथ पालन गरियो।

राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द मोदीले गणेश चतुर्थीको अवसरमा देशवासीलाई शुभकामना दिनुभयो। राष्ट्रपतिले मानिसहरूसित पर्यावरण संरक्षणका साथ यो पर्व मनाउने अनि एउटा स्वच्छ, हरित र समृद्ध राष्ट्र निर्माणमा योगदान दिने आग्रह गर्नुभएको छ।

प्रधानमन्त्रीले सोशल मिडिया पोस्टमा कामना गर्नुभएको छ कि यो पवित्र अवसर सबैको जीवनलाई श्रद्धा र आस्थाले भर्नका साथै शुभ सन्देश लिएर आउनेछ। यो दिन गणेश भगवानको जन्मको प्रतिक हो, जसले बुद्धि, समृद्धि र सौभाग्यलाई दर्शाउँदछ।

--------------------------------------X--------------------------------------

- **NHRC – Ghaziabad**

राष्ट्रिय मानवाधिकार आयोग (NHRC)-ले उत्तर प्रदेशका मुख्य सचिव र पुलिस महानिदेशकलाई एकजना बोल्न नसक्ने महिलासित कथित सामूहिक दुष्कधर्मको मामिलामा नोटिस जारी गरेको छ। एउटा मिडिया रिपोर्टको स्वतः संज्ञान लिँदै आयोगले दुई सप्ताहभित्र मामिलाको विस्तृत रिपोर्ट माँगेको छ। रिपोर्टमा भनिएको छ, पीड़िता एक्काइस अगस्तमा उत्तर प्रदेशको गाजियाबादस्थित आफ्नो घरमा मृत अवस्थामा भेटिएकी थिइन्। यसमा यो पनि भनिएको छ कि पीड़ितालाई एउटा सुनसान मार्गमा एक्लै घुमिरहेको समयमा अपहरण गरेर यौन उत्पीड़न गर्ने दुईजना कथित अपराधिहरूलाई पक्राउ गरिएको छ। आयोगले भनेको छ, यदि समाचार रिपोर्टको सामग्री सत्य छ भने यो मानवाधिकारको उल्लंघनको गम्भीर मामिला हो।

--------------------------------------X--------------------------------------

- **Deforestation Death**

नेचर क्लाइमेट चेन्जमा प्रकाशित एउटा नयाँ अध्ययनअनुसार, विगत बीस वर्षमा उष्णकटिबन्धीय क्षेत्रहरूमा वनको कटाईबाट उत्पन्न गर्मीसित सम्बन्धित बिमारीका कारण पाँच लाखभन्दा अधिक मृत्यु भएको छ। यस शोधमा पाइएअनुसार अमेजन, कङ्गो र दक्षिण-पूर्व एशियामा भूमिको सफाईबाट वर्षामा कमी र आगो लाग्ने खतरा बढ्नाले स्थानीय तापमानमा वृद्धि भएको छ। 2001 र 2020-बीच, चौंतीस करोड़भन्दा अधिक मानिसहरू यस गर्मीको सम्पर्कमा आए, जसमध्ये छब्बी लाख मानिसहरूले बढ्दो गर्मीको सामना गर्नुपर्‍यो। अध्ययनमा यस गर्मी वृद्धिका कारण प्रति वर्ष अट्ठाइस हजार तीन सय तीसजनाको मृत्यु भएको अनुमान लगाइएको छ, जसमा दक्षिण-पूर्व एशिया सबैभन्दा अधिक प्रभावित छ। त्यसपछि उष्णकटिबन्धीय अफ्रीका र लेटिन अमेरिकाको स्थान आउँदछ। ब्राजील, घाना र UK-का शोधकर्ताहरूले गैर-दुर्घटना मृत्यु दरलाई वनको कटाई भएका क्षेत्रहरूमा बढेको तापमानसित जोड़ेका छन्।

--------------------------------------X--------------------------------------

- Delhi-NDMC

नयाँ दिल्ली नगरपालिका परिषद (NDMC)-ले शिक्षकहरूको क्षमता निर्माण कार्यक्रमको लागि भारतीय प्रौद्योगिकी संस्थान (IIT) बम्बईसित साझेदारी गरेको छ। यस अवसरमा परिषदका अध्यक्ष केशव चन्द्राले भन्नुभयो, यो साझेदारी राष्ट्रिय शिक्षा नीति 2020-अनुरूप शिक्षण दक्षताहरूलाई सक्षम बनाउन तयार पारिएको हो। उहाँले भन्नुभयो, यो कार्यक्रमले विद्यार्थीहरूलाई भविष्यको लागि तयार, समग्र र मूल्य-सञ्चालित मार्गदर्शक बन्नका लागि सशक्त बनाउनेछ।

परिषदको यस शिक्षक प्रशिक्षण कार्यक्रमलाई विशेष रूपमा तयार गरिएको मड्यूलमा उदीयमान शिक्षा पद्धती, भारतीय ज्ञान प्रणाली, शिक्षणमा कृत्रिम बुद्धिमत्ता तथा भर्चुअल वास्तविकताको एकीकरण र मानसिक स्वास्थ्य एवं कल्याण समावेश हुनेछन्।

--------------------------------------X--------------------------------------